# SLC विशेष प्याकेज कार्यक्रम

## सानोदुम्मा माध्यमिक विद्यालयबाट शैक्षिक वर्ष २०७१ सालको प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुका लागि सञ्चालन गरिने विशेष प्याकेज कार्यक्रमको प्रस्तावना पत्र


**प्रस्तुतकर्ता**

(अर्जुन राई)

प्रधानाध्यापक



जिल्ला शिक्षा कार्यालय

भोजपुर

२०७१

# अध्याय-एक
# परिचय

## १.१ पृष्ठभूमि

विद्यालय एउटा सामाजिक संस्था हो । जुन समुदायको शैक्षिक विकासको निम्ति स्थापित भएको हो । नेपालमा औपचारिक शिक्षाको शुरुवात भएको धेरै लामो इतिहास नभए तापनि यहाँ प्राचीन काल देखि नै विद्या आर्जन गर्ने अनेकन अभ्यासहरु भएको इतिहासमा पाइन्छ । वर्तमान आधुनिक विज्ञान र प्रविधिको तीव्र विकास भइरहेको अनि विश्वव्यापिकरणको समयमा शिक्षाको महत्व अझ थप वृद्धि भएको छ । शिक्षा आजको अपरिहार्य आवश्यक्ता भइसकेको छ भन्नु अतिशयोक्ति नहोला । वास्तवमा औपचारिक शिक्षाको आधार भनेको विद्यालय हो । किनकी विद्यालयले नै बालबालिकालाई आधारभूत शिक्षाको बाटो खोलिदिन महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले विद्यालय भनेको समुदायद्वारा समुदायकै निम्ति स्थापना गरिने एक पवित्र संस्था हो । विद्यालयले नै सामाजिक रुपान्तरणको लागि सकारात्मक भूमिका निर्वाह गर्न सक्ने हरेक तहको दक्ष जनशक्तिको आधारशिला तयार गर्न सघाउ पुऱ्याउँदछ । विद्यालयले आवश्यक्ता अनुसारको आधारभूत शिक्षाको बलियो जग तयार पार्नु पर्ने हुन्छ । त्यसको निम्ति राज्यले धेरै आर्थिक लगानी गरिरहेको छ । विद्यालयको मूलभूत उद्देश्य भनेको बालबालिकाहरुको शैक्षिक विकास गराउनु हो । अर्थात विद्यालयले सबैभन्दा ध्यान पुऱ्याउनु पर्ने पक्ष भनेकै बालबालिकाहरुको सिकाइ उपलब्धि अभिवृद्धि गराउनु हो । यसको अलवा शैक्षिक उपलब्धिलाई सघाउ पुऱ्याउने अन्य धेरै कार्यहरुमा पनि विद्यालयले ध्यान पुऱ्याउनु पर्ने हुन जान्छ । किनकि विद्यालय भनेको बालबालिकाको सर्वाङ्गिण पक्षको विकास गराउने अवसर प्रदान गर्ने थलो पनि हो । यस प्रतिवेदनमा भने यस वर्ष प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुका लागि ल्याइएको विशेष प्याकेज कार्यक्रमको बारेमा संक्षिप्त रुपमा उल्लेख गरिएको छ । गत वर्ष पनि यस किसिमको योजना कार्यन्वयनका ल्याइएको थियो । जसबाट सकारात्मक नै नतिजा प्राप्त भएकाले यस वर्ष पनि केही परिमार्जन गरी निरन्तरता दिइएको हो ।

## १.२ समस्याको कथन

सानोदुम्मा माध्यामिक विद्यालयले सर्ब प्रथम वि.सं. २०६८ सालको प्रवेशिका परीक्षामा आफ्ना विद्यार्थीहरुलाई सामेल गराएर प्रवेशिका परीक्षामा सहभागीता जनाएको हो । उक्त वर्ष विद्यालयमा धेरै पुराना विद्यार्थीहरु समेत भर्ना भएकाले धेरै विद्यार्थीहरु परीक्षामा सहभागी भए तापनि परीक्षाफल आशातित रुपमा आउन सकेन । जम्मा ४५ जना विद्यार्थीहरु परीक्षामा समेल भएकोमा चार जनाले मात्र मौका परीक्षा दिने अवसर पाए । जस मध्ये पनि दुई जना मात्र मौका परीक्षामा सामेल भए । दुई जना मध्ये एक जना प्रथम र एक जना द्वितीय श्रेणीमा सफल भएको देखिन्छ । उक्त साल विद्यालयले शिक्षण गर्ने जनशक्तिको अभाव हुँदा हुँदै पनि अतिरिक्त गणित पनि ऐच्छिक विषयको रुपमा राख्नाले परीक्षाको नतिजा अझ विग्रीएको थियो । दोश्रो साल शै.व. २०६९ सालको प्रवेशिका परीक्षामा पनि विद्यालयको नतिजा सकारात्मक आउन सकेन । २४ जना विद्यार्थीहरुले प्रवेशिका परीक्षामा सामेल भएकोमा तीन जनाले मात्र मौका परीक्षाको अवसर पाए । जसमध्ये दुई जनाले द्वितीय श्रेणीमा उत्तीर्ण गरे । यसप्रकारले सरसर्ती हेर्दा पनि सानोदुम्मा माध्यमिक विद्यालयको प्रवेशिका परीक्षाको नतिजा नियमित तर्फ सुन्य नै रहेको देखिन्छ । त्यसैले आगामि दिनहरुमा कसरी विद्यार्थीहरुको शैक्षिक उपलब्धि अभिवृद्धि गराउने भन्ने तर्फ सबैको चासो जानु आत्यवश्यक भइसकेको छ । प्रवेशिका

परीक्षामा सामेल भएको तेश्रो वर्षमा अर्थात शैक्षिक सत्र २०७० सालमा विद्यालयद्वारा **SLC विशेष प्याकेज कार्यक्रम** तय गरी लागु गरियो । जसको परिणाम स्वरुप विद्यालयले सून्य नतिजा व्यहोर्नु परेन तथापि आशातित नतिजा भने हासिल गर्न सकेन । यसै परिप्रेक्षमा यस चालु शैक्षिक वर्ष २०७१ सालमा विद्यालयको प्रवेशिका परीक्षाको नतिजालाई वृद्धि गराउनको निम्ति यो विशेष सहयता प्याकेज कार्यक्रम ल्याइएको हो । विद्यालयको आर्थिक तथा जनशक्तिले धान्ने सम्मको एक धन्दा बढि सेवा सुविधाहरु सम्बन्धित विद्यार्थीहरुलाई एउटै लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि उपलब्ध गराइने भएकाले प्याकेज कार्यक्रमका अवधारणामा गत वर्ष झैं यस वर्ष पनि यो योजना अघि सारिएको छ ।

## १.३ कार्यक्रमको औचित्य

यस योजनाको औचित्यहरु निम्न बुँदाहरुले प्रष्ट पार्नेछन्:

- प्रवेशिका परीक्षामा परिणाम सून्य हुनबाट बचाउन सहयोग पुग्नेछ ।
- प्रवेशिका परीक्षाको नतिजा न्यून आइरहेको अवस्थालाई यस योजना मार्फत बढोत्तरी गर्न सघाउ पुग्नेछ ।
- विद्यार्थीहरुलाई अध्ययनका लागि उत्प्रेरणा अभिवृद्धि गराउन सहयोग पुग्नेछ ।
- जेहेनदार विद्यार्थीहरुले पनि घरमा अध्ययन गर्ने समय तथा अध्ययन सामग्रीहरु केही हदसम्म भए तापनि उपलब्ध हुनेछ ।
- यस योजनाले विद्यार्थी, शिक्षक तथा अभिभावक लगायत सम्पूर्ण सरोकारवालाहरुलाई विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धिमा सघाउ पुऱ्याउन अभिप्रेरित गर्नेछ ।
- विगतमा विद्यालयको तर्फबाट भएका र हुने गरेका कमि कमजोरीहरुलाई यथासक्दो हटाउने वा न्यूनिकरण गर्न सहयोग पुग्नेछ ।
- विद्यार्थीहरुको सिकाइ उपलब्धि अभिवृद्धिमा अभिभावक तथा अन्य सरोकारवालाहरुलाई पनि सक्रिय सहभगीता गराउने परिपाटीको विकास हुनेछ ।

## १.४ कार्यक्रमको उद्देश्य

यस योजनाका मुख्य उद्देश्यहरु देहायबमोजिम निर्धारण गरिएका छन्:

- शै.व. २०७१ सालको प्रवेशिका परीक्षामा न्यनतम पचास प्रतिशत विद्यार्थीहरुलाई उतीर्ण गराउने ।

# अध्याय-दुई
# विगतमा असफलता र न्यून नतिजाका कारणहरू

सानोदुम्मा माध्यमिक विद्यालयले विगतमा लगातर दुई वर्ष सम्म प्रवेशिका परीक्षामा नतिजा सुन्य मात्र हात पार्नुको पछाडि विविध कारणहरु जिम्मेवार छन् । त्यसैगरी गत वर्षको नतिजामा पनि न्यून परिणाम आउनुका पनि विविध कारणहरु छन् । तथापि यहाँ मुख्य-मुख्य कारणहरुलाई प्रस्तुत गरिएको छ । जुन कारक तत्वहरु कतिपय हालसम्म पनि समस्याको रुपमा विद्यालय सामु उभिइरहेकै छन् । तिनलाई चिरेर जानु सबै सरोकारवालाहरुको सामु चुनौतीको विषय बनेको छ । कतिपय समस्या तथा कमजोरीहरुलाई भने यस योजनाले सम्बोधन गरी निराकरण समेत गर्ने प्रयत्न गरिनेछ । विगतको कमी कमजोरीहरुबाट पाठ सिक्दै यस पटक योजनावद्ध तवरले कार्य गरिनेछ । विगतका केही कमजोरीहरु जसको कारण विद्यालयले सुन्य नतिजा हात पार्नु पऱ्यो ।

- ❖ विद्यालयमा विषयगत दक्ष शिक्षकहरुको अभाव रहनु ।
- ❖ समयमै कोचिङ क्लास सञ्चालन हुन नसक्नु ।
- ❖ विद्यालयमा थप स्वअध्ययन सामग्रीहरुको प्रवन्घ नहुनु ।
- ❖ विद्यार्थीहरुलाई अभिप्रेरणाको कमि रहनु ।
- ❖ हचुवाको भरमा ऐच्छिक विषयहरु राखिनु ।
- ❖ अभिभावकहरुमा चेतनाको कमि तथा आर्थिक पछौटेपन व्यप्त रहनु ।
- ❖ विद्यार्थीहरुसँग थप स्वअध्ययन सामग्रीहरुको अभाव हुनु ।
- ❖ विद्यालय तथा समुदायमा अध्ययनको वातावरण नहुनु ।
- ❖ घरमा अध्ययनका लागि समय र वत्तीको प्रवन्ध नहुनु आदि ।

विगतमा भएका कमिकमजोरीहरुबाट पाठ सिकेर नयाँ कार्यक्रम सञ्चालन गर्ने प्रयस गरिनेछ ।

## २०७० मा विद्यालय कसरी सून्य नतिजाबाट बच्यो ?

शैक्षिक सत्र २०७० सालमा सानोदुम्मा मा.वि. बाट जम्मा २० जना विद्यार्थीहरुले सहभागिता जनाएकामा १ जना छात्रा मात्र नियमित तर्फ सफल भएकी छिन् । यो परिणाम सून्य हुनबाट बचेको स्थिति मात्र हो । तथापि सानोदुम्मा मा.वि. ले यति जतिजा हासिल गर्नु मात्र पनि सामन्य हुन सक्दैन । विद्यालयले शुरुमै योजनावद्ध ढंगले कार्य प्रक्रिया अधि बढाएको थियो । प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुका निम्ति विशेष प्याकेज कार्यक्रम नै लागू गरिएको थियो । सो योजनको प्रभावकारी कार्यन्वयन गर्दै जाँदा विद्यालयले सफलता प्राप्त गरेको हो । विद्यालयको जनशक्ति, आर्थिक तथा भौतिक पछौटेपनको अवस्थानुसार सून्य नतिजाबाट बच्नु मात्र पनि ठूलो उपलब्धि हो । तथापि विद्यालयले यसमा सन्तोष कदापि लिएको छैन । विद्यालयले थप नतिजा वृद्धिको निम्ति २०७० सालको नतिजालाई चुनौती र जिम्मेवारीको रुपमा लिएको छ । विद्यालयमा शैक्षिक वातावरण निर्माण, विद्यार्थीहरुको घर-घरमा अध्ययनको वातावरण मिलाउने पक्षमा विशेष ध्यान पुऱ्याइएको थियो । विगतको सानो दृष्टान्तः शैक्षिक सत्र २०६९ सालका प्रवेशिका परीक्षामा सामेल हुने सबै विद्यार्थीहरुले मात्र दुइ वटा एटलसको प्रयोग गरेका थिए भने २०७० सालमा हरेक विद्यार्थीहरुले व्यक्तिगत रुपमा हेर्न पाएका थिए ।

विद्यालयको नतिजा सून्य हुनबाट बचाउन विद्यालय परिवारले ज्यादै मेहनेत गरेको छ । समग्रमा विद्यार्थी, शिक्षक, अभिभावक तथा अन्य सरोकारवाला सम्पूर्ण पक्षको उत्तिकै भूमिका रहेको छ ।

# अध्याय-तीन
# विस्तृत कार्ययोजना विवरण

## ३.१ लामो अवधिको कोचिङ क्लास सञ्चालन

यस वर्ष प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुका लागि वर्षे विदा पछि विद्यालय खुल्न साथ गत शैक्षिक वर्षमा झैं थप अतिरिक्त कक्षाहरु (कोचिङ कक्षा) सञ्चालन गर्ने योजना रहेको छ । यस वर्ष श्रावण महिनाको अन्तिम साता देखि करिव लगभग ६ महिनाको अवधि सम्म कोचिङ कक्षा सञ्चालन गर्ने योजना रहेको छ ।

***कोचिङ सञ्चालन हुने विषयहरु:*** आनिवार्य **अंग्रेजी, गाणित र विज्ञान** ।
***समय:*** विहान र बेलुकी
***सहजकर्ता:*** विद्यालयका सम्बन्धित विषय शिक्षकहरु ।
***आर्थिक व्यवस्थापन:*** *विद्यालयको तर्फबाट प्रति विद्यार्थी प्रति विषय मासिक रु १००।- उपलब्ध गराइनेछ । जुन रकम शैक्षिक सुधारका लागि प्राप्त रकमबाट व्यवस्थापन गरिनेछ ।*

*नोट: गत सालको निरन्तरता*

## ३.२ विद्यार्थीहरुलाई थप शैक्षिक तथा स्वअध्ययन सामग्रीहरु उपलब्धता गराउने

विद्यालयमा प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुका लागि स्थानीय बजारमा उपलब्ध हुने तथा बाहिरबाट समेत ल्याएर यथासक्दो स्वअध्ययन सामग्रीहरु उपलब्ध गराइनेछ । आर्थिक अभाव तथा चेतनाको कमिको कारण अभिभावकहरुबाट सामग्री खरिद गर्न नसकेका जेहेनदार विद्यार्थीहरुका लागि विशेष सहयता प्रदान गरिनेछः

**सामग्रीहरुः** प्रश्नपत्र सेटहरु, पुराना प्रश्न पत्र संग्रह, एटलास, प्राक्टिस बुक, स्वअध्ययन समाग्रीहरु ( रिफ्रेसर, सोलुशन तथा सन्दर्भ-स्रोत आदि सामग्रीहरु)

***डिपोजिट रकम राख्नु पर्ने:*** सन्दर्भ स्रोत सामग्रीहरु सबै विद्यार्थीहरुका लागि निःशुल्क उपलब्ध गराइनेछ । तथापि विद्यार्थीहरुसँग शुरुमा रु ५००।- देखि रु १०००।- सम्म डिपोजिट रकम लिइनेछ । जुन रकम

विद्यार्थीले सबै पुस्तकहरु परीक्षा पछि फिर्ता गरे पश्चात सम्बन्धित विद्यार्थीलाई नै फिर्ता गरिनेछ । यसका लागि शैक्षिक सुधारका लागि प्राप्त रकमबाट आर्थिक व्यवस्थापन गरिनेछ ।

*नोटः गत सालको निरन्तरता*

## ३.३ विद्यार्थीहरु अध्ययनमा अभिप्रेरित गराउने योजना

यस वर्ष पनि सानोदुम्मा माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षामा सामेल भइ सफल हुने विद्यार्थीहरुलाई विद्यालयले एक औपचारिक भव्य कार्यक्रमको आयोजना गरी वा अभिभावक दिवसको अवसरमा तपशिल बमोजिमको पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्ययोजना राखिएको छः

**विशिष्ट श्रेणीमा उत्तीर्ण हुने लाई** :- नगद १० हजार, प्रमाणपत्र, क्यालेण्डरमा फोटो प्रकाशन तथा अन्य आकर्षक पुरस्कार ।

**प्रथम श्रेणीमा उत्तीर्ण हुने लाई** :-नगद ५ हजार पुरस्कार, प्रमाणपत्र, क्यालेण्डरमा फोटो प्रकाशन तथा अन्य आकर्षक पुरस्कार ।

**द्वितीय श्रेणीमा उत्तीर्ण हुने लाई** :- नगद २ हजार पाँच सय पुरस्कार, प्रमाणपत्र, क्यालेण्डरमा फोटो प्रकाशन ।

**तृतीयश्रेणीमा उत्तीर्ण हुने लाई** :-नगद १ हजार पाँच सय पुरस्कार, प्रमाणपत्र, क्यालेण्डरमा फोटो प्रकाशन ।

यसका अलवा सफल हुने विद्यार्थीहरुका लागि अन्य व्यक्तिगत तथा संस्थागत रुपमा समेत सम्मान तथा पुरस्कारहरुको लागि पहल गरिनेछ । पछि अन्य स्रोतको व्यवस्थापन गरी थप पुरस्कारहरु समेतप्रदान गर्न सकिनेछ ।

*नोटः गत सालको निरन्तरता*

## ३.४ विद्यालय र समुदायमा अध्ययनको वातावरणको सिर्जना गर्न

विद्यालयमा प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुलाई अन्य कुनै पनि किसिमको वाधा व्यावधान हुन नदिने । विद्यालयको कार्यक्रमहरुमा स्वयंसेवक वा अन्य आइ पर्ने कार्यहरुमा पनि कक्षा-१० का विद्यार्थीहरुलाई समावेश नगराउने । जति सक्दो अध्ययनको लागि समय मिलाइदिने ।

घरमा विद्यार्थीहरुको अध्ययन के कस्तो भइरहेको छ ? भन्ने सवालमा प्रधानाध्यापक मार्फत अभिभावकहरुलाई कम्तिमा हप्ताको एक पटक सम्पर्क गर्ने । सम्पर्कको माध्यम टेलिफोन वा SMS हुनेछ । खास गरी विद्यार्थीहरुलाई घरमा अध्ययनका लागि समय उपलब्ध गराउने सम्बन्धमा तथा अध्ययन कोठा, बत्ती र वातावरण सिर्जना गर्ने पक्षमा अभिभावकहरुलाई सचेत गराउनु पर्नेछ । विद्यार्थीहरुको स्वास्थ्यमा समेत ध्यान पुऱ्याउन सचेत गराइनेछ ।

*नोटः गत सालको निरन्तरता*

## ३.५ विद्यार्थीहरुको नियमित निगरानी राख्ने

वद्यार्थीहरुलाई नियमित रुपमा साधारण निगरानीमा राखिनेछ । प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुको दिनचर्यको बारेमा जानकारी लिई सल्लाह-सुझाव प्रदान गरिनेछ । जसका लागि घरदैलोमै पुगेर जानकारी लिइने छ । साथै विभिन्न आधारमा सुचना संकलन गरिनेछ ।

- सामाजिक सञ्जालहरु (facebook, migg, Nimbuzz etc.) मा विद्यार्थीहरुको सक्रियता सम्बन्धमा निगरानी राखिनेछ । यस किसिमका बढि समय बर्बादी गराउने प्रकृतिका सामाजिक सञ्जाल प्रयोग नगर्न सल्लाह सुभाव निरन्तर प्रदान गरिनेछ ।
- मोबाइलको दुरुप्रयोग सम्बन्धमा पनि नियमित सचेत गराइनेछ ।
- सकभर विद्यार्थीहरुलाई सादा मोबाइल सेट प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- SMS मार्फत विद्यार्थीहरुलाई नियमित अध्ययनका लागि उत्प्रेरित गरिनेछ ।

*नोटः गत सालको निरन्तरता*

## ३.६ परीक्षा अभिमुखिकरण कक्षा सञ्चालन गर्ने

यस वर्ष कक्षा १० को कोर्ष विषय शिक्षकहरुले माघ महिनाको पहिलो साता भित्रमा सक्नु पर्नेछ । यसको अशाय कोर्ष हतारमा बढाउने होइन । विषय शिक्षकहरुले त्यस किसिमले शैक्षिक योजना तय गर्नु आवश्यक पर्दछ । त्यसपछिको समयमा परीक्षा अभिमुखिकरण कक्षा सञ्चालन गरिनेछ । जसमा विषय शिक्षकहरुले नै आ-आफ्नो विषयहरुको जिम्मेवारी लिएर विद्यार्थीहरुलाई अधिकतम्प परीक्षा केन्द्रीत अभ्यास गराउनु पर्नेछ ।

*नोटः गत सालको निरन्तरता*

## ३.७ एस.एल.सी. क्लोज क्याम्प सञ्चालन गर्ने

यस वर्षको प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुलाई प्रत्यक्ष निगरानीमा राखेर अध्ययन गर्ने गराउने गरी "SLC Close Camp" सञ्चालन गर्ने योजना बनाइएको छ । यो एक किसिमको आवसीय कार्यक्रम हुनेछ । यस अन्तर्गत २०७१ माघ महिनाको अन्तिम साता वा फाल्गुन महिनाको शुरुबाटै न्यूनतम एक महिना सम्मको अवधि विद्यार्थीहरुलाई प्रत्यक्ष निगरानी राखेर अध्ययन गराउने योजना रहेको छ । विद्यायमा कम्पाउण्ड लगाइसकिएकाले यो कार्यक्रम सञ्चालन गर्न सहज हुने अपेक्षा गरिएको छ ।

- अभिभावक तथा सरोकारवालाहरुसँग छलफल गरिनेछ ।
- आर्थिक, भौतिक तथा अन्य अत्यावश्यकीय पक्षहरुको बन्दोवस्त मिलाइनेछ ।
- केटा-केटीहरुका निम्ति छुट्टा-छुट्टै वस्ने कोठाको प्रवन्ध हुनेछ ।
- स्वस्थकर खानाको प्रवन्ध गरिनेछ । प्लेट विद्यार्थी आफैले धुनु पर्नेछ ।
- विद्यालय आसपासका विद्यार्थीहरुलाई मेसमा खान वाध्यकारी हुनेछैन, जसका निम्ति १५-२० मिनेट खाना खाने समय उपलब्ध हुनेछ ।
- विद्यार्थीहरुलाई समय-समयमा खेलकूद तथा मनोरञ्जनको समेत प्रवन्ध गरिनेछ ।
- विद्यालयमा राती निगरानीका निम्ति शिक्षक स्टाफ, वि.व्य.स., अ.शि.स. तथा अभिभावकहरु क्रमश पालै पालो विद्यालयमै बस्ने नियम बनाइनेछ ।
- यस अवधिमा मोबाइल फोन प्रयोगमा निरुत्साहित गरिनेछ ।
- शनिबार सरसफाइको निम्ति केही समय मात्र बिदा हुनेछ । पूरा दिन विदा हुनेछैन ।
- जथाभावि अध्ययन गर्नको सट्टा, विद्यालयबाटै अध्ययन तालिका निर्धारण गरी सोही अनुरुप अध्ययन गर्ने परिपाटीको बसालिनेछ ।

- समूहगत छलफल गरी अध्ययन गर्न प्रोत्साहित गरिनेछ।
- अनुमति बाहेक गेट बाहिर जान मनाही गरिनेछ।
- यस सम्बन्धि थप आवश्यक कुराहरु सर्वपक्षीय बैठकद्वारा निर्धारण गरी लागु गरिनेछ।
- केटा-केटी दुवै तर्फ टोली नेताको व्यवस्था पनि गरिनेछ। जसले समूहका समस्याहरु समाधानमा भूमिका खेल्नुपर्नेछ।
- यस कार्यक्रममा कुनै पनि विद्यार्थीले गम्भिर नियम उल्लंघन गरेमा वा गर्ने प्रयत्न मात्र गरेमा पनि माफी दिइने छैन। तत्काल विद्यालयबाट निष्कासन गरिनेछ।

*नोटः विशुद्ध नयाँ कार्यक्रम-योजना*

## ३.८ विषय विज्ञ-अतिथि शिक्षकहरुद्वारा सहजीकरण गर्ने

यस वर्ष प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुका लागि विशेष पृथक कार्यक्रम सञ्चालन गर्ने योजना गरिएको छ। विद्यालयका विषय शिक्षकहरुको अभावका कारण पनि विद्यालयको नतिजा न्यून रहँदै आएको हुनाले यसका निम्ति विद्यालय बाहिरका विषय विशेषज्ञहरुको सहायता लिइनेछ। सानोदुम्मा माध्यमिक विद्यालय र गाउँ विकास समितिको कार्यालय सँगसँगै रहेको र हाल सानोदुम्मा गा.वि.स. सचिवका रुपमा कार्यरत श्री रामबहादुर थापा विशुद्ध विज्ञान विषयमा स्नातकोत्तरत रहनुभएका तथा यस अघि पनि सचिव थापाको विभिन्न विद्यालयहरुमा शिक्षणको राम्रो अनुभव समेत भएकाले उहाँलाई यस वर्षको प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुका निम्ति गणित र विज्ञान विषयहरुको अतिरिक्त कक्षा सञ्चालनमा सहजीकरणका निम्ति सहयोग लिने योजना राखिएको छ। यसका निम्ति कार्यप्रक्रिया अघि बढाइसकिएको छ। "SLC Close Camp" सहजीकरण गर्नको निम्ति समेत विशेषज्ञ अतिथि शिक्षक Expert Guest Teacher को सहयोग लिइनेछ। यसबाट विद्यार्थीहरुलाई भरपुर लाभ हुने अपेक्षा गरिएको छ।

*आर्थिक व्यवस्थापनः* सानोदुम्मा गा.वि.स.मा आ.व. २०७१-७२ को बालबालिका शीर्षकमा निर्धारण हुने रकमलाई यसमा खर्च गर्ने प्रस्वात गाउँ परिषदमा पेश गरिनेछ। साथै अभिभावकहरुबाट पनि संकलन गरिनेछ।

*नोटः विशुद्ध नयाँ कार्यक्रम-योजना*

## ३.९ अनलाइन सहायता

बढ्दो मोवाइलको प्रयोग भइरहेको वर्तमान सन्दर्भमा विद्यार्थीहरुको शिक्षण सिकाइमा यसको सदुपयोग गर्ने ध्येयले विद्यार्थी-विषय शिक्षक बीच अनलाइन सहायता "Online Support" सुचारु गर्ने योजना अघि सारिएको छ। यस अन्तर्गत विशेष गरी जुनसुकै विषयको बारेमा विद्यार्थीहरुलाई कुनै पनि किसिमको विषयगत समस्या आइ परेको खण्डमा विद्यार्थीहरुले विषय शिक्षकलाई सम्पर्क गरी समाधान खोज्न सक्नेछन्। सार्वजनिक विदा वा विद्यालय समय भन्दा बाहेको समयमा विद्यार्थीहरुले शिक्षकहरुलाई फोन कल गर्ने समय विहान,बेलुकी वा जुनसुकै बेला सम्बन्धित शिक्षकको अनुकुलतामा निर्धारण गरिनेछ।

**☺ समाप्त ☺**

सानोदुम्मा माध्यमिक विद्यालय
सानोदुम्मा–३(थर्पु),भोजपुर
फोनः ९८५२०५२७५५
email: sanodumma.edu@gmail.com
www.facebook.com/groups/sanodumma.edu
www.sanodumma.edu.np